# कार्यालय प्रमुखहरुसँगको वैठकको निर्णय (२०८२ माघ ७ गते)

१. कार्यालय प्रमुखसँगको वैठकवाट यस अघि निर्णय भइ कार्यान्वयन हुन वाँकी रहेका निर्णयहरु सम्बन्धित कार्यालयहरुले तत्काल कार्यान्वयन गर्ने । राष्ट्रसेवक कर्मचारीहरुले कसैको दवाव, प्रभाव र मोलाहिजामा नपरि आफूलाइ सुम्पिएको/तोकिएको जिम्मेवारी पूरा गर्न सधैं तत्पर रहने । सेवाग्राही तथा नागरिकका जिज्ञासा तथा गुनासोलाइ तत्काल सम्बोधन गरि उचित निकास दिने ।

२. आगामी २०८२ फागुन २१ गते सम्पन्न हुन गैरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका सम्बन्धमा जिल्ला निर्वाचन कार्यालय रुपन्देहीवाट माग भएको अस्थायी मतदाता नामावली सम्बन्धि विवरण तयार गरि जिल्लास्थित सम्पूर्ण कार्यालयहरुले जिल्ला निर्वाचन कार्यालय रुपन्देहीको इमेल ठेगानामा यथाशिघ्र पठाउने ।

३. प्रतिनिधि सभा निर्वाचन—२०८२ लाइ स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगद्धारा जारी निर्वाचन आचार संहिता—२०८२ को जिल्लास्थित सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारीहरुले इमान्दारीपूर्वक पालना गर्ने ।

४. निर्वाचन सम्पन्न गर्ने कार्यका लागि जिल्लामा कर्मचारी व्यवस्थापनलाइ थप भरपर्दो र प्रभावकारी वनाउन सरुवा भएका कर्मचारीको रमाना कार्यान्वयन लगायतको विषयमा प्रचलित कानुन, आचारसंहिता एवम् तालुक निकायहरुको निर्देशनको वर्खिलाप नहुने गरि कार्यालय प्रमुखले आवश्यक व्यवस्था मिलाउने ।

५. निर्वाचनका क्रममा खटिने कर्मचारीहरुले निर्वाचन आयोगले सुम्पेका जिम्मेवारीहरु प्रचलित कानुनको अधिनमा रही कर्तव्यनिष्ठ एवम् इमान्दारिताका साथ पुरा गर्ने ।

६. निर्वाचनको समयमा जिल्लाभर खाद्यान्न/खाना पकाउन प्रयोग हुने ग्यास तथा अन्य अत्यावश्यक वस्तु/सेवाको निरन्तर आपूर्ती सुनिश्चितता हुन सम्बन्धित वस्तु तथा सेवा प्रदायकहरु (जस्तै-दुरसंचार, विद्युत, अस्पताल/स्वास्थ्य, यातायात परिवहन तथा हवाइसेवा, एम्बुलेन्स, शववाहन, फोहरमैला व्यवस्थापन, इन्धन आदि) सम्वद्ध निकायहरुले आ-आफ्नो सेवा विना अवरोध नियमित/निरन्तर रुपमा संचालन गर्ने/गराउने व्यवस्था मिलाउने । जिल्लाका सबै मतदान स्थलहरुको सरसफाइ गर्न तथा पिउनेपानी/विजुली वत्ती लगायत अत्यावश्यक पूर्वाधार जडानका लागि सम्बन्धित स्थानीय तहहरुले मतदान स्थल तथा मतदान केन्द्र रहेको विद्यालय तथा सरकारी निकाय एवम् निर्वाचन कार्यमा खटिइ जाने कर्मचारी तथा सुरक्षाकर्मीसँग आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।

७. जिल्लास्थित सबै सरकारी कार्यालयहरुले आफु तथा मातहत युनिटमा रहेका सवारी साधनको विवरण जिल्ला प्रशासन कार्यालयमा यथाशिघ्र पठाउने । मर्मत गर्नुपर्ने सवारी साधनहरु समयमै मर्मत गर्ने, सवारी चालक तथा इन्धन सहित सवारीसाधन standby राख्ने र निर्वाचन कार्यका लागी जिल्ला कमाण्डपोष्ट तथा निर्वाचन सेल वाट माग भै आएका वखत तत्काल पठाउने व्यवस्था मिलाउने ।

८.निर्वाचनको समयमा हुनसक्ने अवान्छित गतिविधीमाथी निगरानी गर्न तथा सार्वजनिक निकायहरुको सम्पति सुरक्षाको भरपर्दो व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । शान्तिसुरक्षा आवश्यक परेमा नजिकको प्रहरी तथा सुरक्षा निकायसँग सम्पर्क स्थापित गर्ने । कार्यालयको कुनै विषय स्थानीय शान्ती सुरक्षा चासोको विषयसँग जोडिएको भए प्रमुख जिल्ला अधिकारीलाइ छिटो माध्यमवाट खबर गर्ने ।

९.लोक सेवा आयोग वुटवल कार्यालयबाट रिक्त रहेका प्राविधिक पदहरुको विवरण माग भै आएको हुँदा सम्बन्धित कार्यालयहरुले निर्धारीत ढाँचामा माग आकृति फारम भरी मिति २०८२/१०/२० गते भित्रमा लोक सेवा आयोग कार्यालयमा पठाउने व्यवस्था मिलाउने ।

१०.सबै कार्यालय प्रमुखले आफू तथा मातहतमा रहेका सवारी साधन/भवनको बीमा गर्ने व्यवस्था प्रचलित कानुन बमोजिम मिलाउने ।